मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

**सूचना**

**बेरोजगार सूचीमा नाम दर्ता गर्नेबारे सूचना**
प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ.व. २०७७/०७८मा १०० (एक सय) दिनको न्यूनतम् रोजगारीमा संलग्न हुने चाहने बेरोजगार व्यक्ति २०७६ चैत महिनाभर आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार सूचीमा नाम दर्ता गर्नुहुन सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २५ ◆ अङ्क : २८४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ भदौ २६ गते शुक्रवार (Friday, September 11. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## कनकाई-१मा रातैपिच्छे हात्ती आतंक

**तुलसीप्रसाद निरौला**

**विर्तामोड, भदौ २५।** झापाको कनकाई नगरपालिका-१ स्थित प्रजापतिलगायतका टोलमा रातैपिच्छे जंगली हात्तीले आतंक मच्चाउन थालेको छ ।

प्रजापति, गोरेडाँगी, जामुनवारी लगायतका क्षेत्रमा जंगली हात्तीले आतंक मच्चाइरहेको स्थानीयवासीले बताएका छन् । केही सातादेखि कहिले दुईवटा, कहिले एउटा हात्तीले आतंक मच्चाइरहेको कनकाई नगरपालिका-१का वडाध्यक्ष रोशनराज पोखरेलले बताए ।

दुईदिन अघिमात्र प्रजापतिस्थित मानबहादुर गिरीको धानवाली तथा बगैंचामा हात्तीले क्षति पुर्‍याएको थियो । त्यस्तै हात्तीले ख्याम पोखरेलको धानवालीमा क्षति पुर्‍याएको छ भने पुष्प काफ्लेको घरमा समेत क्षति पुर्‍याएको छ । हात्तीले अम्विका गिरीको कुखुराको खोर भत्काएर छ वटा कुखुरा मारेको बताइएको छ । एक साताको अवधिमा कनकाई-१को विभिन्न स्थानका किसानहरुको एक विगाह भन्दावढी धानवालीमा हात्तीले क्षति पुर्‍याएको वडाध्यक्ष पोखरेलले जानकारी दिए ।



हात्तीले भत्काएको घर ।

रातैपिच्छे आउने हात्तीले किसानको घर, धानवालीमा केही न केही क्षति पुर्‍याइरहेको र जीउज्यान समेत जोखिममा परेको स्थानीयवासी बताउँछन् । गाउँले रातभर जाग्रम बसेर हात्ती खेदाउने गरेको स्थानीय हरिबहादुर राउतले बताए ।

जंगली हात्तीको समस्या समाधानका लागि सरकारले ठोस् कदम चाल्नुपर्ने पूर्व जनप्रतिनिधि समेत रहेका स्थानीय मानबहादुर गिरी बताउँछन् । जंगली हात्तीको समस्या समाधानका लागि सामाजिक अभियन्ता एवम् वैज्ञानिक महावीर पुनको राष्ट्रिय आविष्कार केन्द्रले निर्माण गरेको हात्ती भगाउने प्लाष्टिकको तोप कनकाई-१का हात्तीपीडित किसानलाई बितरण गरिने बडाध्यक्ष पोखरेलले बताए । दिनभर प्रजापति तथा दहीझोडा वन क्षेत्रमा रहने हात्तीले साँझ नपर्दै गाउँ तथा विरीङ खोला किनार हुँदै स्थानीयका घर तथा धानवालीमा क्षति पुर्‍याउने गरेको बताइएको छ ।

स्थानीय तहमा भ्रष्टाचार

## उपभोक्ता समिति नै अपारदर्शी

**झापा, भदौ २५।** नागरिकलाई सेवा दिने सबैभन्दा नजिकको र दैलो अघिको भनेर चिनिने स्थानीय सरकारबाट हुने विकास योजनाका काम गर्दा बढी पारदर्शीता र मितव्ययिता अपेक्षित थियो । तर, नागरिकको यस्तो अपेक्षा राजधानीमै पूरा हुन सकेको देखिँदैन भने झन् देशभर कस्तो अवस्था होला ?

संघीय सरकार अन्तर्गतकै निकायले समेत योजना कार्यान्वयनमा पारदर्शिता अपनाएका छैनन् । यस्ता योजनामा कतै १४ दिनमै ढलान उप्किएको छ भने कतै आफ्नो क्षेत्रका आयोजनाको बजेटबारे स्थानीयवासीलाई जानकारी दिइएकै छैन । कतै भने एउटै योजनामा तीनवटासम्म उपभोक्ता समिति पनि गठन भएका छन् । तर, दुःखको कुरा त यो छ कि ती उपभोक्ता समितिको काम आफैँमा पारदर्शी छैन ।

आर्थिक वर्ष २०७४/०७५मा गोकर्णेश्वर नगरपालिकाको वडा नं. ८को नेपाल मेडिकल कलेज चोकबाट आरुबारी जाने सडक उपभोक्ता समितिमार्फत् गर्ने गरी योजनामा समावेश भयो ।

समितिले भने वि.सं. २०७५ असार दोस्रो सातामात्र आएर काम शुरु गर्‍यो । ठूलो वर्षा भइरहेका बेला नै त्यो काम शुरु गरेपछि गुणस्तरीय हुने कुरै भएन । ढलान गरेको १४ दिनमै सडकमा डण्डी निस्कियो । त्यसका एकाध दिनमा त सडक भत्किन थालिहाल्यो । निकै लामो समय धुलो र हिलोमा दुःख पाएका नागरिकको सडक ढलान भएको खुशी पनि धेरै दिन टिक्न सकेन । एक महिनापछि हेर्दा त सडक भत्किएर खाल्डा परे, विस्तारै पोखरी नै जम्यो । सडक किनारमै खाद्यान्न पसल सञ्चालन गरेका स्थानीयवासी वीरु तामाङ योजना सञ्चालन गर्दा निर्माणस्थलमा सूचनापाटी समेत नराखिएकाले के कति बजेटमा काम गरिएको भन्ने थाह नभएको बताउँछन् ।

सडकका लागि रु. आठ लाख बजेट छुट्याइएको भनिए पनि यसको जानकारी वडा कार्यालय एवम् नगरपालिकाले समेत खुलाउन सकेन । सूचनापाटी नराखिएकाले समितिका कामका विषयमा स्थानीयवासीलाई थाह छैन । वडाध्यक्ष मनोजकुमार ढुङ्गानासँग यस विषयमा बुझ्न सम्पर्क गर्दा उनले समितिका अध्यक्ष सुजित ठकुरीसँग कुरा गर्नु भन्दै नम्बर दिए । अध्यक्ष ठकुरीले समिति सदस्य सरोज थापाको नम्बर दिए । सदस्य थापाले रु. आठ लाखमा १०० मिटर सडक ढलान गरिएको जानकारी दिँदै राम्रो ड्रेन नबनाएसम्म टिकाउ नहुने बताए ।

आर्थिक वर्षका १२ महिनामध्ये ११ महिनासम्म चुप लागेर बसी अन्तिम महिनाको अन्त्यतिर काम गरेर बजेट त सिध्याइयो, सडक भने झन् जीर्ण बन्दै गएको छ । मासिक हजारौँ मानिस उपचारका लागि मेडिकल कलेज जाने यो सडकमा अहिले पनि पोखरी छ । ढलानका क्रममा राखिएको डण्डीले सडकमा दुर्घटना गराइरहेको छ ।

पहिले आरुबारीबाट खहरे हिँड्ने खोल्सामै सडक बनाएकाले यो सडकमा पानी परेका बेला बाढी आउँछ । चौध दिनमै बिग्रिएको सडक उपभोक्ता समितिले नै मर्मत सम्भार गर्नुपर्ने बताउँछन्- नगरपालिकाका पूर्व प्रमुख प्रशासकीय अधिकृत नरहरि घिमिरे ।

तर उपभोक्ता समितिले मर्मत सम्भारका लागि कुनै चासो नदिएको स्थानीयवासीको गुनासो छ । पूर्व प्रमुख प्रशासकीय अधिकृत घिमिरे प्रायः उपभोक्ता समितिले आफूले गरेको काम छोटो समयमा बिग्रँदा पनि मर्मत सम्भार गर्न चासो नदेखाएको स्वीकार्छन् ।

समितिलाई योजनाप्रति जिम्मेवार बनाउन चालू आर्थिक वर्षको भदौमा तालिम गर्न लागिएको नगरपालिकाले जनाएको छ । तालिममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालयलगायत सरोकार भएका निकायका अधिकारीले योजना सञ्चालनका विषयमा अभिमुखीकरण गर्ने जनाइएको छ । गोकर्णेश्वरमा धेरैजसो समितिले १० प्रतिशतलागत साझेदारी व्यहोर्ने गरेका छन् । करिब एक दर्जन योजना चालू आर्थिक वर्षमा उपभोक्ताले ५० प्रतिशत र नगरपालिकाले ५० प्रतिशत व्यहोर्ने गरी तर्जुमा गरिएको छ ।

**राजधानीको मुटुमै अपारदर्शी उपभोक्ता समिति**

समितिमार्फत् हुने विकास निर्माणका काम कति अपारदर्शी हुन्छन् भन्ने नमूना हेर्न राजधानीको मध्यभागमा रहेको विष्णुमती किनारमा गए हुन्छ । काठमाडौँ महानगरपालिका-१९ स्थित कङ्केश्वरी मन्दिर नजिकै काठमाडौँ उपत्यका खानेपानी लिमिटेडले समेत पिउन योग्य पानी नआउने भनी प्राविधिक प्रतिवेदन दिएको स्थानमा 'फिल्टर प्लान्ट' निर्माण भइरहेको छ ।

निर्माणस्थलमा स्थानीयवासीलाई जानकारी दिन राखिनुपर्ने सूचनापाटी समेत छैन । निर्माणस्थलमा सूचनापाटी नराखिँदा के बनाउन लागिएको हो भन्ने स्पष्ट छैन । स्थलगत रुपमा काम गरिरहेका कामदारलाई सोध्दा पानी ट्याङ्की बनाउन लागिएको

*(बाँकी अन्तिम पृष्ठमा)*

## एकै परिवारका ११ जनालाई कोरोना



**झापा, भदौ २५।** कनकाई नगरपालिकामा एकै परिवारका ११ जनालाई कोरोना संक्रमण पुष्टि भएको छ ।

कनकाई नगरपालिकाको वडा नम्वर-३ टप्पूमा परिवारका सबै जनालाई कोरोना संक्रमण पुष्टि भएको हो । कोरोना संक्रमण हुनेमा १४ वर्षीय नातिदेखि ८४ वर्षीया हजुरआमासम्म छन् ।

परिवारका सबै सदस्यलाई कोरोना संक्रमण भएपछि कनकाई नगरपालिकाले ९ जनालाई होम आइसोलेसन तयार गरेर राखेको छ भने दुई जनालाई अस्पताल पठाएको छ ।

'कनकाई नगरपालिकाको तथ्याङ्क संकलन गर्ने कर्मचारी त्यो परिवारको छोरीलाई शुरुमा कोरोना संक्रमण पुष्टि भयो'- कनकाई नगरपालिका कोरोना नियन्त्रण सूचना तथा सञ्चार समिति सदस्य लक्ष्मी अधिकारीले भने- त्यसपछि गरिएको परीक्षणका क्रममा उनकी बहिनी र परिवारका सबै सदस्यलाई कोरोना संक्रमण पुष्टि भएको हो ।

कोरोना संक्रमितमध्ये नगरपालिकाको कर्मचारीलाई कोरेनाको लक्षण देखिएपछि उपचारका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको छ । उनकी बहिनीमा पनि कोरोनाको लक्षण देखिएपछि भद्रपुरस्थित मेची प्रादेशिक अस्पताल पठाइएको छ भने परिवारका बाँकी ९ सदस्यलाई कोरोनाको लक्षण नदेखिएकाले घरमै आइसोलेसन बनाएर राखिएको अधिकारीले जानकारी दिए ।

परिवारका सबै सदस्यलाई कोरोना संक्रमण देखिएपछि कनकाई नगरपालिकाले खाद्यान्नसहित आवश्यक पर्न सक्ने औषधि समेत उनीहरुको घरमै व्यवस्थापन गरेको छ । विहीवार कनकाई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखरेलसहित नगरपालिकाको टोलीले कोरोना संक्रमित परिवारलाई खाद्यान्न प्रदान गरेको हो ।

यसैबीच कनकाई नगरपालिकाले दुई सातादेखि नगरलाई सिल गरेको छ । नगर क्षेत्रमा कोरोना संक्रमण फैलिएपछि नगरलाई सिल गरिएको हो । कनकाई नगरपालिकामा अहिलेसम्म ४८ जनामा कोरोना संक्रमण देखिएको छ ।

## फेसबुक, ट्विटरमा नेताविरुद्ध लेख्न नपाइने

**झापा, भदौ २५।** सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र अभिव्यक्ति स्वतन्त्रतामा कडाइ गरिने भएको छ ।

खासगरी नेता र सरकारका काम कार्वाहीबारे आलोचनात्मक टिप्पणी गर्न नपाइने गरी बन्देज लगाउन खोजिएको हो । दुई अध्यक्षले स्थायी कमिटीमार्फत् कार्यकर्ताहरुले नेताविरुद्ध लेख्न नपाउने व्यवस्था गर्न लागेका हुन् ।

अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहालले स्थायी कमिटीमा पेश गर्न तयार पारिएको प्रतिवेदनमा नेताका कर्ममाथि टिप्पणी गर्न कार्यकर्तालाई रोक लगाउने प्रस्ताव गरिएको हो । प्रस्तावमा भनिएको छ- 'पार्टीको नीति, नेता र कार्यकर्ताविरुद्ध सामाजिक सञ्जालमा जथाभावी लेख्ने र पार्टी हित विपरीत गतिविधि गर्ने प्रवृत्तिलाई



कडाइका साथ रोक्न जिम्मेवार कमरेडहरु र सम्वद्ध सबैलाई यो बैठक निर्देशित गर्दछ ।'

ओली-दाहालको प्रस्तावमा लेखिएको छ- 'समग्र पार्टी र तीनै तहको सरकारको काममा समेत फैलिँदै गएको गुटबन्दीको असरलाई विधि, पद्धति र संस्थागत निर्णयको प्रभावकारी कार्यान्वयनद्वारा समाधान गर्ने र सबै प्रकारका अनेकता, अराजकता र अनुशासनहीनता एवम् गुटबन्दीपूर्ण क्रियाकलापलाई नियन्त्रण गर्ने निर्णय गर्दछ ।'

यता अध्यक्षद्वयले तयार पारेको प्रस्ताव सचिवालय सदस्य र स्थायी कमिटी सदस्यले पढ्नै नपाई सार्वजनिक गरिएको भन्दै असन्तोषका स्वर पनि सुनिएका छन् । केन्द्रीय सदस्य विष्णु रिजालले नै असन्तुष्टि प्रकट गर्दै फेसबुकमार्फत 'नेकपा कम्ती पारदर्शी छ त !' भन्दै व्यंग्य कसेका छन् ।

रिजाल फेसबुकमा, 'नेकपा कम्ती पारदर्शी छ त ? कार्यदलले तयार पारेको प्रतिवेदन छलफल त के सचिवालय सदस्यकै हातमा नपुग्दै पीडीएफ फाइल नै बाहिर आयो । अध्यक्षद्वयले तयार गरेको प्रतिवेदन स्थायी समिति सदस्यहरुको हातमा पुग्दा नपुग्दै हुबहु सार्वजनिक भयो । छलफलै नभई सार्वजनिक गर्न कति हतार हो ? बैठकसम्म त पेश हुन दिए हुने नि !'- लेखेका छन् ।

## निःसन्तानको सन्तान हुने भन्दै बलात्कार गर्ने पक्राउ

**झापा, भदौ २५।** युवती बलात्कारको आरोपमा जोरायल गाउँपालिका-३ बरमका ३१ वर्षीय एक युवक पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय जोरायलका प्रमुख तथा प्रहरी नायब निरीक्षक महेन्द्र थापाका अनुसार बलात्कारको आरोपमा पक्राउ पर्नेमा टेकबहादुर ओली छन् । बिरामी युवतीलाई झारफुक गर्ने भनी एक्लै पारेर बलात्कार गरेको [redacted]

## पशुपतिनगरमा व्यवसाय ठप्प, घरभाडा ति[redacted]

**इलाम, भदौ २५।** सँधै गुल्जार हुने इलामस्थित नेपाल भारत सीमानामा पर्ने पशुपतिनगर हिजोआज सुनसान भएको छ ।

लामो लकडाउनका कारण बजार खुल्न नसक्दा पशुपति बजारको रौनक बिस्तार घट्दै गएको छ । ६ महिना अघिसम्म नेपाल-भारत सीमानामा पर्ने सूर्योदय नगरपालिकाको पशुपतिनगर बजारको रौनक बिछट्टकै थियो ।

भारतीय पर्यटकहरुको आहोरदोहोर निकै बाक्लो देख्न सकिन्थ्यो । तर, अहिले पर्यटकको चहलपहल नहुँदा पशुपतिनगरको रौनक धुमिल हुँदै गएको छ । धेरै जसो पसलका सटरहरुमा चाबी लाएको देख्न सकिन्छ भने खुलेका पसलहरुमा पनि ग्राहक नहुँदा सुनसान भएको छ ।



कोरोनाका कारण सीमा नाका ठप्प हुँदा मानिसहरुको ओहोरदोहोर पनि ठप्प भएको छ । कोरोनासँगै गरिएको लामो लकडाउनका कारण व्यवसाय ठप्प हुँदा ६ महिनादेखि व्यापारीहरुलाई घरभाडा तिर्न नै धौ-धौ परिरहेको छ । कतिपय व्यापारीहरु व्यवसाय बन्द गरेर घर फर्किसकेका छन् भने कतिपय व्यवसायीहरु पुरानै अवस्थामा फर्कने आशमा घर रुङ्गेर दिन कटाइरहेका छन् ।

भारतीय व्यापारीहरुको किनमेल गर्ने नजिक र सस्तो बजार पशुपतिनगरको अहिले बिचल्ली भएको छ । पशुपतिनगरमा चीनबाट आउने धेरै जसो लत्ताकपडा, फेन्सी सामान, जुत्ता लगायतका [redacted]

**पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिव[redacted]**

पहिले ०२३-५४१००२/ ५४००४४

अहिले ०२३-५३१००२/ ५३००[redacted]



**थाङ्ग्रोमा राखिएको मकैः** तनहुँको ऋषिङ गाउँपालिका-८ धारुङमा किसानले थाङ्रोमा राखेको मकै । मकै नकुहियोस्, घुन, पुतली नलागोस् भनी किसानले थाङ्रोमा राख्ने गरेका छन् । **तस्वीरः सानेबहादुर नेपाली/रासस**

### डुबेर बालक मृत्यु प्रकरण

# भदौभित्र परिवारलाई २० लाख दिइने

**भद्रपुर, भदौ २५ ।** भद्रपुर नगरपालिका-२ पृथ्वीनगरस्थित कमलधाप पर्यटन तथा सिमसार क्षेत्रको निर्माणाधीन पोखरीमा डुबेर मृत्यु भएका बालकको परिवारलाई भदौ मसान्तभित्र नगरपालिकाले राहत दिने भएको छ ।

गत साउन ७ गते सिमसार क्षेत्र निर्माणस्थलमा खनिएको पोखरीमा डुबेर भद्रपुर-२ डिगाउँ बस्ने अनिल तामाङका १० वर्षीय छोरा अङ्कुश तामाङ, बिर्तामोड नगरपालिका-९ हाल भद्रपुर मामाघर बस्दै आएका दीपक थामीका दुई छोरा १४ वर्षीय करण र ११ वर्षीय अर्जुन थामीको मृत्यु भएको थियो ।

३५ दिनभित्र राहत दिने पाँच बुँदे सहमति अनुसार नै भद्रपुर नगरपालिकामा पुनः भदौ १७ गते पीडित पक्ष, जनप्रतिनिधि र सरोकारवालाबीच छलफल भएको थियो । सोही छलफलमा चार बुँदे सहमति गर्दै दुई चरणमा राहत दिने सहमतिसहित निर्णय भएको नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठले जानकारी दिए ।

मृतकका परिवारलाई १० लाख दिने सहमति अनुसार पहिलो चरणमा तामाङ परिवारलाई सात लाख र थामी परिवारलाई १३ लाख भदौ मसान्तभित्र दिने निर्णय भएको छ । सो रकम संघीय, प्रदेश, नगरपालिकाको आन्तरिक स्रोत, विपद् व्यवस्थापन समिति र निर्माण कम्पनीबाट जुटाइएको मेयर श्रेष्ठले बताए । दोस्रो चरणको बाँकी राहत रकम ६ महिनाभित्र दिने र त्यसका लागि पनि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरिने उनले बताए ।

त्यस्तै छलफलमा कमलधाप पर्यटकीय क्षेत्र निर्माणाधीन परियोजना सम्पन्न भइसकेपछि पीडित पक्षका एक जनालाई उक्त परियोजनामा रोजगारको व्यवस्था मिलाइदिने, कमलधाप पर्यटन क्षेत्र विकास समिति खारेज गर्ने सम्बन्धमा हाललाई सो परियोजना सञ्चालनमा सहयोगी कार्य सम्पादन गर्न हालको लागि कमलधाप राम पोखरी सामुदायिक वन उपभोक्ता समितिलाई जिम्मेवारी दिने सहमति भएको छ ।

त्यस्तै व्यवस्थापन मिलाउन र वन सम्बन्धी पर्यापर्यटन कार्यविधि २०७५ले निर्दिष्ट गरेको प्रावधानहरू समेतलाई सम्बोधन गरेर परियोजना सफल बनाउन सम्पूर्ण स्थानीयवासी समेतले सहयोग गर्ने सहमति भएको छ ।

त्यसैगरी निर्माणाधीनस्थलमा यस्ता प्रकारका दुर्घटना हुन नदिन सुरक्षाका व्यवस्था निर्माण व्यवसायीको तर्फबाट गराउनुका साथै सुरक्षा व्यवस्थापन सही समयमा नगरेको कारणले गर्दा भएको मानवीय क्षतिप्रति निर्माण व्यवसायीको तर्फबाट कमी महशुस भएकोले क्षमायाचना गरिएको छ । घटना भएको भोलिपल्टदेखि नै निर्माण स्थलमा सुरक्षाको उचित व्यवस्थापन मिलाइसकेको जनाइएको छ ।

# भारतबाट भित्रियो नयाँ रोग

**उमाकान्त खनाल**




**झापा, भदौ २५।** गएको असार महिनादेखि गाईमा शुरू भएको भाइरल सङ्क्रमण साउन महिनाको ११ गते मात्र आरटी पीसीआर प्रविधिबाट पहिचान भएको विभागका महानिर्देशक डा. वंशी शर्माले बताएका छन् ।

कोरोनाभाइरस सङ्क्रमण नियन्त्रण लागि गरिएको निषेधाज्ञालगायत अवरोधले विभागलाई गाईको उक्त रोग नियन्त्रणका लागि बाधा पुऱ्याइरहेको शर्माले बताए । पशु चिकित्सकहरूले उक्त नयाँ रोगले नेपालका चौपायाका लागि चुनौति थपिदिएको बताएका छन् । कोरोना भाइरसको सङ्क्रमण नियन्त्रणका लागि अहिले भारतसँग जोडिएका सबै नाका बन्द छन् ।

**बन्दका बेला कसरी आयो यो रोग ?**

चौपाया भारतबाट नेपाल ल्याउन तथा नेपालबाट भारत लैजान पाइएको छैन । यही बेला नेपालमा नयाँ प्रकारको भाइरल रोग गाईमा कसरी देखियो भन्ने कुराले आश्चर्यमा पारेको पशु सेवा विभागका अधिकारीहरू बताउँछन् ।

पशु सेवा विभागका महानिर्देशक डा. वंशी शर्माले लकडाउनकै समयमा गाईमा भाइरल रोगको प्रकोप बढेको बताए । उनले भने-'अहिलेसम्मको आकलनमा लकडाउनकै बेलामा यो रोग नेपाल आएको हो । तर यस्तो कडा बन्दमा यो रोग कसरी आयो भन्ने कुराले आश्चर्यमा पारेको छ ।'

तर, अहिलेसम्मको अध्ययनले यो रोग भारतबाट नै नेपाल आएको महानिर्देशक शर्माले बताए। उनले भने-'अहिलेसम्मको अध्ययनले बाङ्लादेशबाट भारत हुँदै यो रोग नेपाल आएको हो।' नेपालमा अहिलेसम्म ३० हजारदेखि ४० हजार गाईमा यो रोग देखिएको पशु सेवा विभागको अनुमान छ। तर, देशका धेरै स्थानमा जारी गरिएको निषेधाज्ञाका कारण एकीकृत तथ्याङ्क लिन गाह्रो भइरहेको विभागका अधिकारीहरू बताउँछन्।

पशु सेवा विभागका महानिर्देशक शर्माले प्रदेश नं. १ यो भाइरल रोगबाट बढी प्रभावित भएको जानकारी दिए । उनले अहिलेको अनुमानमा सङ्क्रमित गाईमध्ये १ प्रतिशत भन्दा कम गाईको मृत्यु हुने गरेको बताए । शर्माले भने- 'जति मृत्यु भएको भन्ने खबरहरू आएका छन्, त्यसको अनुमान लगाउँदा १ प्रतिशत भन्दा कम हुन जान्छ ।'

अन्य मुलुकहरूमा 'लम्पी स्किन डिजिज' भनेर नामकरण गरिएको उक्त रोगबाट करिब १० प्रतिशत गाईको मृत्यु हुने भनिएको भए पनि नेपालमा भने मृत्युदर कम भएको शर्माले बताए ।

**भारतसँग जोडिएका अधिकांश क्षेत्रमा संक्रमण**

गाईको शरीरमा घाउ हुने, खुट्टा सुनिने तथा उच्च ज्वरो आएर उठ्नै नसक्ने बनाउने नयाँ भाइरल रोग भारतसँग जोडिएका अधिकांश जिल्लामा देखिएको पशु रोग चिकित्सकहरूले बताएका छन् ।

प्रदेश नं. १का झापा, मोरङ तथा सुनसरी, प्रदेश नं. २का सप्तरी तथा सिराहा, प्रदेश नं. ५ का दाङलगायत क्षेत्र तथा गण्डकी प्रदेशको पोखरालगायतका स्थानमा पनि यो रोग देखिएको विभागका महानिर्देशक शर्माले बताए ।

यो रोग पहिला झापा, मोरङ तथा सुनसरीमा देखिएको पशुपन्छी अन्वेषण प्रयोगशाला विराटनगरले जनाएको छ । प्रयोगशालाका प्रमुख डा. सञ्जय यादवले नेपालमा लकडाउन शुरू हुनुभन्दा अगाडि कतै यो रोग देखिएको तर थाह नभएको हुनसक्ने बताए । उनले भने- 'विभिन्न पशु हाट हुँदै यो रोग गाउँ पसेको अनुमान गर्न सकिन्छ । तर हामी अझै पनि अन्यौलमा छौँ । राम्ररी ट्र्याकिङ गर्न सकिरहेका छैनौँ ।' अहिले उक्त रोगले धेरै सङ्क्रामक अवस्था लिइसकेको उनले बताए । उनले भने- 'रोग सङ्क्रामक छ तर आक्रामक हुने क्रम चाहिँ विस्तारै घटिरहेको छ ।'

झापाको बुद्धशान्ति गाउँपालिका वार्ड नं. १की किसान यशोदा रिजालले पालेको गाईको शरीरभर घाउ भयो। उच्च ज्वरो आएपछि उनले पशु चिकित्सक बोलाएर उपचार गराइन् । रिजालले भनिन्- 'डाक्टर आएर करिब चारवटा सुई लगाएदिएपछि गाई उठ्यो ।' तर पनि गाईका शरीरका घाउ निको भएको छैन ।

पशुपन्छी अन्वेषण प्रयोगशाला विराटनगरका प्रमुख डा. यादवका अनुसार रोगको सङ्क्रमण देखिएपछि लक्षणका आधारमा 'एन्टिवायोटिक' दिने गरिएको छ । उनले भने- 'ज्वरो आए घटाउने औषधि दिने हो । घाउमा झिँगा वा लामखुट्टे बस्न नदिनका लागि शरीरका घाउमा औषधि लगाइदिने हो ।'

उनले एउटा सङ्क्रमण भएको गाईबाट अर्को स्वस्थ गाईमा त्यस्ता झिँगा वा लामखुट्टेले टोकेर सार्ने भएकाले झिँगा वा लामखुट्टे बस्न नदिनु उत्तम विकल्प भएको बताए । बीबीसी

# पत्रकार वीरेन्द्र साहका हत्यारा १३ बर्षपछि पक्राउ

**झापा, भदौ २५।** बाराका पत्रकार वीरेन्द्र साहको हत्यामा संलग्न थप एक व्यक्ति पक्राउ परेका छन् ।

बाराको महागढीमाई नगरपालिका-२ तेलकुवाका ४५ वर्षीय हरेराम पटेललाई प्रहरीले पक्राउ गरेको हो । कोल्हवी नगरपालिका-४ सपही टोलबाट पटेललाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक कृष्ण पंगेनीले जानकारी दिए ।

पत्रकार साहको हत्या आरोपमा यसअघि तीन जना पक्राउ परिसकेका थिए । २०६४ असोज १८ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताको अपहरणमा परेका पत्रकार वीरेन्द्र साहको डुमरवानास्थित जंगलमा खाल्डो खनेर गाडेको अवस्थामा शव भेटिएको थियो ।

पत्रकार साहलाई हरेराम पटेल, कुन्दन फौजदार भन्ने नरेन्द्रकुमार फौजदार, राम एकवाल सहनी र मनेजर गिरी समेतका ५ जनाले अपरहण गरी हत्या गरेको आरोप लागेको थियो । उनीहरुले गोली प्रहार गरेर हत्या गरेपछि पत्रकार साहको शव जंगलमा खाल्डो खनेर गाडेको प्रहरीको निष्कर्ष छ ।

## उपभोक्ता ...

जानकारी गराए । समितिमार्फत् ९० हजार लिटर क्षमताको पानी ट्याङ्की निर्माण भएको भनिए पनि आयोजनास्थलमा भेटिएका रामगोपाल मालीले आफू आयोजनाको निर्माण व्यवसायी भएको बताए । उनले निर्माण कम्पनीको नाम भने खुलाउन चाहेनन् । समितिका नाममा आयोजना सम्झौता गरी निर्माण व्यवसायीलाई दिइएको हुनसक्ने स्थानीयवासीको भनाइ छ ।

वाग्मती प्रदेश सरकार अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत रहेको खानेपानी तथा सरसफाई डिभिजन नं ५ भक्तपुरको बजेटमा योजना सञ्चालन भएको हो । योजनाका बारेमा तीनै तहका जनप्रतिनिधिले अनुगमन गरेर गुणस्तरीय एवम् पारदर्शी काम गराउनुपर्नेमा त्यस्तो हुननसकेको १९ वडा सरोकार मञ्चका अध्यक्ष सुमन खड्गीले बताए । मञ्चले आयोजनाका विषयमा छलफल गर्न गरेको कार्यक्रममा जनप्रतिनिधि जिम्मेवार नभएको उनले गुनासो गरे ।

वडाध्यक्ष शशिलाल श्रेष्ठले प्रदेशको बजेट भएकाले वडाले समेत विस्तृत रुपमा जानकारी पाउन नसकेको बताउँछन् । चालू आवमा महानगरले त्यो आयोजनाका लागि रु. ३० लाख बजेट छुट्याएको उनले जानकारी दिए । स्थानीयस्तरमा दमैचाघाट उपभोक्ता समितिमार्फत सञ्चालनमा रहेको आयोजनाका बारेमा छलफल गर्न असार तेस्रो साता मञ्चले कङ्केश्वरी मन्दिरको सभाहलमा आयोजना गरेको कार्यक्रममा समितिका पदाधिकारी एवम् सदस्य उपस्थित भएनन् ।

सुशासन ऐन २०६४मा रु. पाँच लाखभन्दा बढीका आयोजना सञ्चालन गर्दा कहिले शुरु भएर कहिले अन्त्य हुने, लागत, निर्माण व्यवसायी वा उपभोक्ता समितिका विषयमा जानकारी दिन सूचनापाटी (होर्डिङ बोर्ड) राख्ने व्यवस्था गरिएको छ। यो व्यवस्था राजधानीकै मुटुमा पालना हुन सकेको छैन । समितिका सदस्य शङ्कर महर्जन आयोजनाका विषयमा बनाइएको सूचनापाटी आयोजना स्थलमा राख्दा च्यातिदिने भएकाले कार्यालयमै राखिएको दाबी गर्छन् ।

मञ्चले काठमाडौं उपत्यका खानेपानी लिमिटेड क्षेत्रपाटी शाखालाई पनि यस विषयमा ध्यानाकर्षण गराएको थियो । लिमिटेडले मञ्चलाई फिल्टर प्लान्टबाट उत्पादित पानी प्रशोधन गर्दा पनि पिउन योग्य नहुने भनी प्राविधिक प्रतिवेदन दिएको प्रवक्ता प्रकाश राईले बताए ।

त्यहाँको पानीमा धमिलोपना (टर्बिडिटी) ६४.६, आइरन ६.३ र एमोनिया ५८ प्रतिशत छ, यी तीनवटा प्यारामिटरका कारण पानी पिउन सकिँदैन, घरायसी प्रयोजनका लागि उपयोग गर्न सकिने प्रतिवेदन दिएको हो, प्रशोधनबाट आइरन र धमिलोपना मापदण्डमा ल्याउन सकिने भएपनि एमोनियाभने घटाउन सकिँदैन- उनले भने ।

आयोजनाले महानगरका वडा नं १५, १७, १८, १९ र २० को अधिकांश क्षेत्रलाई समेट्ने जनाइएको छ । त्यस क्षेत्रमा धाराको पानी पुऱ्याउन नसकिएको लिमिटेडको स्वीकारोक्ति छ । आयोजना सञ्चालन गरेको खानेपानी तथा सरसफाइ डिभिजन नं ५ भक्तपुरका इञ्जिनियर कुलप्रसाद शर्माले असार ३ गते रु. ४० लाखमा सम्झौता भई फिल्टर प्लान्टको काम गरिएको बताए । तीमध्ये रु. २० लाख भने फ्रिज भएको उहाँले जानकारी दिए । वडावासीले सूचना माग गर्दै कार्यालयमा निवेदन दर्ता गराएका छन् ।

**समितिमा बस्ने मानिस पाउनै मुस्किल**

कागेश्वरी मनोहरा नगरपालिकाका नगर प्रमुख कृष्णहरि थापा समितिमार्फत् काम गर्न चाहने मानिस नै पाउन मुस्किल हुन थालेको बताउँछन् । समितिमार्फत् काम गर्न निर्माण सामग्रीको दररेट, डोर हाजिरमा पनि समस्या छ । नगर प्रमुख थापा समितिले काम जिम्मा लिएपछि निर्माण व्यवसायीलाई ठेक्का दिएर अनुगमनमात्र समितिका तर्फबाट हुनथालेको स्वीकारेका छन् ।

कागेश्वरीमा समितिबाट भएका कामको डोर हाजिर नमिलेर बेरुजु आउने गरेको छ । निर्माण क्षेत्रमा स्काभेटरले काम गरेको तस्वीरबाट देखेपछि लेखापरीक्षणका क्रममा बेरुजु देखिएको हो । लेखा परीक्षणका क्रममा महालेखापरीक्षकको कार्यालयले ग्राभेल स्टोर नगरेको भनेको छ ।

समितिलाई रु. एक करोडसम्मको काम गर्न दिन सकिने व्यवस्था छ । स्थानीयलाई रोजगारी होस् भन्ने उद्देश्यले उपभोक्ता समितिमार्फत् काम गर्ने अवधारणा ल्याइए पनि हाल उपत्यकाका काठ क्षेत्रमा काम गर्ने मानिस नै पाइँदैन । ग्रामीण क्षेत्रमा धेरै युवा वैदेशिक रोजगारमा गएकाले जनशक्ति अभाव छ ।

**टेण्डर गर्नुपर्ने योजनामा तीन समिति**

राजधानीको उत्तरपूर्वी भेगस्थित कागेश्वरी, मनोहरा र गोकर्णेश्वर नगरपालिका जोड्ने भद्रवास-वाग्मती-वीपी चोक सडकको बाग्मती-भद्रवास खण्ड २०७६ असार पहिलो साता काम शुरु गरियो ।

कागेश्वरी मनोहरा नगरपालिका-३मा यो सडक पर्छ । वडा अध्यक्ष राममणि पुडासैनी तीनवटा समिति बनाएर ४७१ मिटर सडकमा पर्खाल लगाइएको स्वीकार्छन् । 'काठमाडौँ उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय काठमाडौँबाट रु. एक करोड ५० लाखमा योजना सञ्चालन गरिएको हो, बजेटबाट साउनेमूलतिर पनि पर्खाल लगाउन रु १५ लाख खर्च गरियो' - उनले भने ।

आवको अन्त्यमा ठेक्का लगाउने समय नभएकाले ४७१ मिटर सडकमा पर्खाल लगाउन समिति गठन गर्नुपरेको वडाध्यक्ष पुडासैनीको दावी छ ।

रुपेन्द्र पुडासैनी, सुरज पुडासैनी र शालिकराम पुडासैनी गरी तीनजनालाई तीन समितिको अध्यक्ष बनाइयो । तीन समिति बनाइए पनि काम भने ओखलढुङ्गातिरका निर्माण व्यवसायी ल्याएर गरिएको स्थानीयवासीले सुनाए । आवको अन्त्यमा आएको बजेट खर्च गर्न सार्वजनिक खरीद ऐन र नियमावलीको प्रावधान विपरीत रु एक करोड भन्दामाथिको योजना पनि तीन समिति गठन गरेर सम्पन्न कागजात बनाइयो ।


**अर्जुनधारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल**

**सँधियारका नाममा जारी गरिएको सात दिने सूचना**

अर्जुनधारा नगरपालिका वडा नं. ६ बस्ने सुमन दाहालले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नुभएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल
१) पूर्वतर्फ श्री रघुनाथ मिश्र
२) पश्चिमतर्फ श्री सुशीला ढकाल
३) उत्तरतर्फ बाटो
४) दक्षिणतर्फ श्री चन्द्रकुमार थेवे

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-६ | ८३३१ | ०-०-९ | | २०७७।५।२३ | २०७७।५।२६ |



**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
**बिर्तामोड, झापा**



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



**Arjundhara Municipality**
Office of Municipal Executive
Shanischare, Jhapa,Nepal

**Request for Sealed Quotation**
**Digitization services of vital events Registration Application form**

(Date of First publication: 11th September 2020)

| Ref No | Cost Estimate(NRs) | Bid Document Fee(NRs) |
|---|---|---|
| NP-DoCR-183661-RFQ | 533000/- | 1,000/- |

1. The Ministry of Home affairs, Department of National ID and Civil Registration Government of Nepal has received financing from The World Bank toward the cost of the Strengthening Systems for Social protection and Civil Registration (SSSPCR), and intends to apply part of the proceeds toward payments under the contract for hiring a Firm providing Digitization Services of vital event Registration application form
2. The Arjundhara Municipality invites sealed Quotation from eligible Bidders to scan, index and provide Vital Event Registration Application form stored in Arjundhara Municipality
3. Bidding will be conducted through **Sealed quotation** using a **Request for quotation (RFQ)** as specified in the Guidelines : Procurement of Non-consultant services under IBRD Loans and credits & Grants by World bank Borrowers, December 2002 revised July,2016 and is open to all eligible Bidders as defined in the Procurement Regulations.
4. Interested eligible Bidders may obtain further information from Department of National ID and Civil Registration and inspect the bidding document during office hours .
5. The bidding document in English can be purchased during office hours on or before 25th September, 2020 from the office by interested eligible bidders upon submission of a written application with the copy of company/Firm registration certificate to the address below and upon payment of a non-refundable fee of NRs 1000/- ( One thousand Rupees ) or upon submission of original deposit voucher as stated below.

**Office Name:Arjundhara Municipality**
**Office Account No:** 0092050511258014, AntarikAnudanKhata Arjundhara Municipality
**Revenue Head No:** 14229
**Name of the Bank:** NIC Asia Bank Ltd, Shanishchare Branch

6. Bidders submitting their bids with cost of bidding documents and bid security amounting to a minimum of NRs 15,000.00 in Account No 0092050511258018, DharautiKhata, Arjundhara Municipality in NIC ASIA BANK LTD SHANISCHARE BRANCH and scanned copy (Pdf format) of Bank deposit voucher or Bank Guarantee issued by "A" class commercial Bank or Financial institutions eligible to issue Bank Guarantee as per prevailing Law specified by Nepal Rastra Bank with Validity Period of 75 days from the opening date of bids i. e, up to. along with bid files
8. Sealed bids must be delivered to the address below on or before at 12.00 hours of 26th September,2020. Bids submitted after this deadline will not be entertained.
9. Bids shall be opened in the presence of the Bidders' designated representatives and anyone who choose to attend at the address below at 14.00 hours on 26th September 2020. 1 0 . In case of last date for purchasing, submission and opening of bids falls on a Government holiday, the next working day shall be considered the last day .In such a case, the bid validity and bid security validity shall be recognized from the original bid submission deadline.
11. The employer reserves the right to amend, accept or reject, wholly or partly, any or all the bids without assigning any reasons whatsoever.
12.. The address referred to above is:

**Arjundhara Municipality**, Shanischare, Jhapa, 023597002
www.arjundharamun.gov.np


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

कविता

# चरीको आवाज


क्षितिजमा सगर डढ्नुअघि
सूर्यको पहिलो किरण पर्नुअघि
म सल्बलाउँछु, चिर्बिराउँछु
उही झिनो आशा बोकेर
फर्केर आउँछ कि फेरि
ती हिजोका दिनहरू ।

हिजो,
खुला आकाशको छानामुनि
हावाको प्रवेगसँगै
तराईका हरिया फाँटहरूमा
पहाडका कान्ला कन्दराहरूमा
बादलुको घुम्टोमा लुकामारी खेल्दा
स्वच्छ वातावरणले मन चङ्गा बनाउँथ्यो
म कति खुशी हुन्थेँ
नदिनाला, झरनाहरूमा डुबुल्की लाउँदै
कहिले कोइलीको भेषमा कुहुकुहु गर्दै
मीठो संगीत भर्थें
कहिले मयुरको भेषमा
छमछम नाचिदिन्थेँ ।

तर, आज लाग्छ
मेरा पखेटाहरू भाँचिएका छन्
प्रकृतिले नै मलाई पिञ्जडामा कैद गरे जस्तो
मेरा बासस्थान उजाडिएका छन्
कहालीलाग्दो सपना जस्तो
प्रलयको आधीतुफान चल्न थालेको छ
प्रदुषणले गति लिएको छ
मेरा आनन्दका संगीत तरंगीत हुने डाँडापाखा
आज उजाड मरूभूमि बनेको छ
म सँगै नाच्ने खरायो, कस्तुरी
खै कता गए गए पत्तो छैन
प्यासले ब्याकुल भएको छु
म रमाउँदै डुबुल्की लाउने
नदी, झरना सबै
जलवायु परिवर्तनको जातोमा पिदिएका छन्
मेरो प्यारो घर, प्रकृतिको अस्तित्व
कविको कवितामा सिमित भएर कोरिएका छन्
बिनासको आगो सल्केको छ
प्रकृति जल्दै छिन्
दर्दनाद चित्कार सँगै
करूण पुकार सँगै ।

कसले बुझिदिने मेरो रोदन
कसले बर्साइदिने जल
जसले बिनासको आगो निभाओस्
सर्वश्रेष्ठ प्राणी मानव
आफैमा दानव बनेको छ
बिनासको बीऊ बनेको छ
जाँतोको हातो बनेको छ
आगोको सलाई बनेको छ
अझ भनुम्
विज्ञानका चमत्कारले त झन्
प्रकृतिको दैनिक बलात्कार गरेको छ
यति निच, स्वार्थी मानव चाडै नै,
प्रलयको आँधीलाई गति दिन
सफल बन्नेछ ।
बचेराका चिरबिर आवाजले म झस्किन्छु
सूर्य निकै माथि पुगिसकेको हुन्छ
म भुर्र उड्छु र चारोको जोहो गर्न थाल्छु ।

– अनिल लम्साल



भुवन तामाङ

# हामीले नानीहरुको पढाइ व्यर्थैंमा वर्बाद पार्दैछौं !

'ए छोरा !'

'हजुर बुबा ।'

'यो पैसाले पसलबाट एकखिली चुरोट किनेर ल्या त छोरा ।'

पैसा लिएर ७ वर्षको छोरो मास्क नलगाइकन कुद्दै पसलबाट बाबुका लागि चुरोट किनेर ल्याइदिन्छ । आमा चाहिँ पनि भन्छिन्- 'छोरा जा जा पसलबाट एक पोका दूध किनेर ल्या । यी यो पैसा लिएर जा । घुर्ता पैसा आउँछ नि है ।' 'हस् आमा' भन्दै बिना मास्क पसलतिर दौडन्छ छोरो ।

'काला पानी जाउँन साथी माछी मार्न' गीत घन्काउँदै एउट भ्यान माछा बेच्न टोल-टोलमा आइपुग्छ । बाबु चाहिँ भन्छन्- 'छोरा आज माछा खानु पर्छ ।' छोरा रमाउँदै माछा थाप्ने भाँडा बोकेर बाबुको पछि लाग्छ । छोरा भाँडोमा माछा थापेर घरमा लिएर आउँछ । बाबु माछा काटकुट पार्छन् र माछाको खान नमिल्ने कसरमसर फाल्न चाहिँ छोरालाई लगाउँछन् ।

आमा भन्छिन्- 'ए हे मिट मसला सकिएर । ए छोरा जा जा पसलबाट एक प्याकेट मिट मसला लिएर आ झट्ट ।' छोरा बाटामा हिँडने मान्छेहरुका बीचबीचबाट कुद्दै पसलबाट मिट मसला लिएर आउँछ । 'ए बुढी रक्सी बिना के माछा ख्वाई हुँन्छ र ? छोरालाई एक क्वाटर किन्न पठाउन है' भन्दै रक्सीको ब्राण्ड पनि तोकिदिन्छ । सानो छोरा दगुर्दै गएर पसलबाट रक्सी लिएर आउँछ ।

बिहानी पख आमा भन्छिन्- 'ए छोरा जा जा पसलबाट एक प्याकेट दूध किनेर ल्या त ।' छोराले दूध किनेर ल्याउँछ । 'ए हे चियासँग यस्सो बिस्कुट खान पाए हुने ।' छोरो बिस्कुट पनि किनेर ल्याउँछ । 'छोरा जा त पल्लो घरमा आन्टीलाई दिउँसो बजार जाने कि नजाने भनेर सोधेर आ त, मम्मीले भन्नुभाको भन्नु ल ।' छोरा कुद्दै पल्लो घर पुगेर भन्छ- 'आन्टी आन्टी ! हाम्रो मम्मीले हजुरलाई सोधेर आउनु भन्नु भको कि, दिउँसो बजार जानु हुन्छ रे कि नाई ?' बजार भनेपछि छोरो पनि हुरुक्कै । बजारको भिडभाडमा छोरा मास्क बिना नै घुलमिल हुन्छ ।

बेलुकीपख, बाबु चाहिँ छोरालाई भन्छन्- 'जा जा पल्लो घरको अंकललाई मागेर ल्या त अस्ति लगेको पैसा । अर्काको पैसा लगेपछि दिनुपर्छ कि पर्दैन रे ? भनेर मागेर ल्या त ।' 'आमा म एकछिन् साइकल कुदाएर आउँछु ल ।' 'हुन्छ हुन्छ तर होस गरेर कुदा है ।' 'ओ के आमा' भन्दै छोरा साइकल लिएर टोलको बाटातिर लाग्छ । बाटामा उसका साथीहरुले पनि साइकल कुदाउन माग्छन् । साइकल कुदाइसकेर छोरा घर के आइपुगेको हुन्छ उसले काम पाइहाल्छ । 'ए छोरा पसलबाट सलाई किनेर ल्या त ।' आमाको आज्ञा शिरोपर गर्दछ छोरा ।

एकपल, 'ल यताबाट हान्न हौ । हि इज् कमिङ्ग बाइ द साइड अफ् दि बिल्डिङ्ग । सुट हिम । सुट हिम । थुक्क । सिठ् । मेरो ट्याब नै ह्याङ्ग भयो ।' भन्दै पबजी खेलिरहेको छोराले ट्याब भ्याम्मै भुँइमा हानेर झरामझिरिम पार्छ र खुट्टा बजार्दै घर बाहिर निस्किन्छ । बाटामा पुगेर साथीहरुसँग क्रिकेट खेल्न थाल्छ । बाटामा मानिसहरु हिँडिरहन्छन् । अटो, मोटरसाइल, ट्याक्टर, मोटर आइरहन्छन् । कुकुरहरु पनि दोहोरीलत्ता कुदिरहन्छन् । गाईवस्तु बाखा चरिरहेका छन् । कुखुराहरु पनि चारो खोज्दै छन् । क्रिकेट खेल्ने नानीहरु कैयौंपटक लड्छन् धुलामा । मानिसहरुसँग ठोक्किन्छन् । मुखमा एउटो मास्क छैन । खेलिसकेर हात मुख धुने हैनन् ।

घरमा आइपुगेर छोरो भन्छ- 'बुबा ! आमा ! म त मामा घर जान्छु ।' अटो चढेर मामा घर पुग्छ । मामा घर पुगेर पनि के धर पाउँथ्यो उसले । मामा र माइजुले पसल जाने काम जति सबै भान्जालाई अह्राउँछन् । अनि मामाका छोरा-छोरी र टोलका नानीहरुसँग उसैगरी खेलेर दिन बिताउँछ । अर्को महिना सार्वजनिक बस चढेर काकाको घरमा पुग्छ । त्यहाँ पनि उही अवस्था हुन्छ उसको । काकाको घरमा बस्न अघाएपछि ऊ सार्वजनिक सवारी साधन चढेर पुनः घर आइपुग्छ । अनि दैनिकी उही हुन्छ ।

उनीहरुको छोरा जतिसुकै बेला पनि कोरोना भाइरस संक्रमणका दृष्टिकोणले असुरक्षित नै रहेको हुन्छ । उसले न त कहिल्यै मास्क लगाएको हुन्छ । न त सामाजिक दूरी कायम गरेको हुन्छ । ऊ जतिबेलै पनि कोरोनाको खतरामा हुन्छ, तर पनि ऊ कहिल्यै कोरोना भाइरसबाट संक्रमित भएन । ऊ मात्र होइन ऊ जस्ता लाखौं करोडौं नानीहरु कोरोना मुक्त नै छन् ।

नानीहरु जहिल्यै पनि हाम्रो स्कुल कहिले लाग्छ ? भनेर सोधि नै रहेका हुन्छन् किनकि, उनीहरुलाई अनलाईन पढाइ कति पनि मन परेको छैन । ट्यूसन पनि मन परेको छैन । घरमा आफैमात्र पढ्न झन् मन परेको छैन । 'घरमा आफै पढन है बाबु' भन्ने सल्लाह सबैभन्दा मन नपर्ने सम्वाद भएको छ । उनीहरुलाई स्कुलमा जस्तो सहज, सरल र रमाइलो कहीँ पनि लाग्दैन । भनाइ नै छ नि, विद्यार्थी जीवन स्वर्णीम काल हो । नानीहरु अर्को प्रश्न पनि गरिरहन्छन्- 'खोइ त हामीलाई कोरोना लागेको ?'

यति हुँदाहुँदै पनि हामीले नानीहरुलाई विद्यालय गएर पढ्नबाट किन वञ्चित बनायौं ? जब नानीहरु असुरक्षित तरिकाले पसल जान्छन्, बजारको भिडमा जान्छन्, अरुको घर जान्छन्, खेल्छन्, सार्वजनिक सवारी चढ्छन् । मास्क बिना जतातर्तै पुग्छन् । तर, पनि नानीहरु सुरक्षित नै छन् भने हामीले स्वास्थ्य सुरक्षाका उपाय अपनाएर नानीहरुलाई स्कुलमा पढ्न दिन किन सकेनौ ? हामी अभिभावक, विद्यालय सञ्चालक, गुरु, गुरुमा, संघ-संगठन र सरकारी सरोकारवालाहरु सबै बेकम्मा कसरी भयौं ? हामी कसरी भाव शून्य, विवेक शून्य र बुद्धि शून्य भयौं ? नानीहरुको पढाईमा पुगेका क्षति कसले पुर्ति गर्ने ? अहम् प्रश्न यही छ ।

जोरबिजोर प्रणाली अपनाएर होस् या छात्राहरु एकदिन, छात्रहरु अर्कोदिन गरेर पढाएका भए समस्यै हुने थिएन् । एक विद्यार्थीलाई हप्तामा कम्तिमा तीन दिनमात्र बोलाएर पनि पढाउन सकिने थियो । कक्षामा विद्यार्थीहरु पनि पातला हुने थिए । स्कुल बसमा पनि विद्यार्थीहरु कम हुने थिए । एक सिट एक विद्यार्थी । हप्तामा, ग्याप गर्दै चार दिन पढाए पनि हुने थियो । महिनामा एक हप्ता या चौध दिन बिदा गर्दै पढाए पनि हुने थियो । सरकारले भने जस्तो पाठ्यभार कम गरेर स्कुल लगाएको भए केही बिग्रने थिएन । स्कुल बस कुद्ने समयमा सार्वजनिक गाडीहरु रोकेर सुरक्षित वातावरण तयार गर्न सकिन्थ्यो ।

गुरु, गुरुमाहरु पनि घरमा त्यसै बसेका छैनन् । घरायसी, खेतीपाती, पशुपालन र बजार, दोकान गरिरहेकै छन् । कतिपय स्कुलका गुरु, गुरुमाहरु स्कुल पनि गइ नै रहेका छन् । केही अनलाईन कक्षा पनि सञ्चालन गरी नै गरेका छन् । गुरु, गुरुमाहरुको मुभमेन्ट पहिला जस्तै नै छ । तब हामीले विद्यालय किन सञ्चालन गरिरहेका छैनौ ?


विद्यार्थीहरु घरमा सुरक्षितभन्दा पनि असुरक्षित बढी छन् । कि त उनीहरु मोबाइल, ट्याब र टिभीमा व्यस्त हुन्छन् कि त खेल्न, बाटामा कुद्न, बजार, पसल जान र अरुका घरमा जान व्यस्त हुन्छन् । उनीहरु मास्क पनि प्रायशः लाउँदैनन् । उनीहरुलाई होशियारीपूर्वक सटिक मोडालिटी अपनाएर पढाएको भए उत्तम हुने थियो । यसो गर्दा कसैले विभिन्न आक्षेप पनि खेप्न पर्दैनथ्यो । निजि विद्यालयका गुरु, गुरुमा र कर्मचारीको रोजगारी खोसिदैन थियो । निजी विद्यालय सञ्चालकलाई आर्थिक संकट पनि पर्दैन थियो ।

सरकारले खाली अनलाईन कक्षाको कुरा गरिरहन्छ । नयाँ भै कन पनि अनलाईन विधि पोचो बिधा हो । हाम्रो जस्तो कम विकसित, ग्रामीण जीवनशैली भएको देशमा अनलाईन काम छैन । यसले वर्ग छुट्याउँछ । बरु अफ्लाईन विधि धेरै प्रभावकारी हुन्छ । गुरु-गुरुमाले पढाएको भिडियो विद्यार्थीहरुलाई उपलब्ध गराउने हो भने त्यो निकै लाभप्रद हुन्छ । जान्ने विद्यार्थीहरुलाई प्रोत्साहनसहित परिचालन गरेको भए पनि हुने थियो ।

अझै पनि अवसर आधा बाँकी छ । अबको बाँकी अवधिमा भौतिक दूरी कायम गर्न सकिने मोडालिटी अपनाएर स्कुल लगाएको नै वेश हुन्छ । आफ्नै मौलिक मोडालिटी लागू गरेर अरु देशका लागि समेत उदाहरणीय बन्नु चाहिँ बुद्धिमानी हुन्छ ।



विष्णु निरौला आचार्य



कथा

# स्वार्थी संसार

बिहानको नित्यकर्म सकेर भान्साघरमा मात्रै के पसेको थिएँ स्वास्नीको पुराण शुरु भइहाल्यो । ए बुढा ! आज पनि गाउँ जाने सुरसारै गर्दैनौ त ? मैले तिम्लाई हिजै भन्देको छु है । अब यो लकडाउनको बहाना बनाएर गाउँ गएर तिम्रा ती बुढा बा-आमासँग भएको रुपैयाँ पैसा फुत्काएर ल्याएनौ भने भोलिदेखि घरमा बास पाउँदैनौ नि । यस्तै हो भने दिनानुदिन हातमुख जोर्न नि धौ-धौ होला जस्तो छ ।

चिया खाइसकेर चुपचाप तयार भएर मन नलागी-नलागी झोला भिरेर गाउँ लागेँ मनभरि अनेक कल्पना गर्दै । उबेला बिहे गरेर घरमा दुलही भित्र्याउना साथ बुढा भएका बा-आमा र बालख भाइलाई छोडेर संसारै जितौँला झैं गरेर स्वास्नीको कुरा मानेर शहर पसियो । शहर पसेदेखि अहिलेसम्म कहिल्यै लोग्नेको दर्जा पाइएन । बिहान उठेदेखि घरका सारा कामधन्दाका साथ स्वास्नी कै अर्डरमा चलेरै जिन्दगी गइसक्यो ।

शहर पसेदेखि अहिलेसम्म कहिल्यै बा-आमालाई भेट्न जान्छुभन्दा नि कुरै सुन्न मानिन् । आज उसकै कचकच सुन्न नसकी गाउँ लाग्दैछु । यत्रो समयपछि घर गएर बा-आमाको अगाडि के भनेर मुख देखाउनु होला ? आ...जे सुकै होस् आखिर बा-आमा भनेका भगवान हुन् जसले सन्तानलाई आफ्नोसामु देख्दा उसका हर गल्ती भुलिदिन्छन् । मनभरि यस्तै तर्कना गर्दै करिब पाँच-छ घण्टा जति हिँडेपछि घर पुगेँ । घर पुग्दा बा-आमा दुःख-सुखका कुरा गर्दै सिकुवामा बसिरहनुभाथ्यो । अचानक मलाई देख्दा छक्क पर्नुभयो । बा ढोग गरेँ भनेर निहुरिन के लागेको थिएँ आमाले हातले रोक्नुभो ।

बाबु तँ टाढा शहरबाट आको, अहिले त त्यो कोरोना भन्ने महामारी फैलिएर धेरैको ज्यान लिसक्यो । पहिला धारामा गएर साबुनपानीले मिची-मिची हात धोएर आइज अनि उ त्यो बट्टामा भएको झोल हातमा हालेर दल् । मास्क त लगाकै रछस् । अनि मात्रै हामीलाई ढोग् । आमाको कुराले छक्क परेँ । गाउँका मानिस कति सचेत र सजग रहेछन् कोरोनासँग । मैले पनि आमाले भए जस्तै गरेर बा-आमालाई ढोग गरेँ । दुबैजनाले मेरो टाउकोमा हात राखेर भाग्यमानी भएस् भनेर आशीर्वाद दिनुभो । रातोदिन स्वास्नीको गाली नखाइ नअघाउने म जस्तो भाग्यमानी को होला मनमनै सम्झेँ । औपचारिकताकै लागि भए नि हालखबर सोधेँ । यतिका बर्षपछि हाम्रो हालखबर जान्ने इच्छा गरिस् । छोरा आजका दिनसम्म हामीलाई तेरा भाइबुहारीले अत्यन्तै सुमधुर बोली र असल व्यवहारले बिना कुनै स्वार्थ स्याहार, सुसार गरिरहेछन् ।

हामीले यो उमेरमा आइपुग्दासम्म अत्यन्तै खुशी र सुखी जीवन बिताउन पाएकाछौं । यो उमेरमा आइपुग्दा पनि दुबैजना हष्टपुष्ट, सुकिलो-मुकिलो र निरोगी देख्दा छक्क परेर हेरिरहेँ । यत्तिकैमा आमाले दुबै हातमा लाएका सुनका बाला र बाको हातको महँगो घडी र सुनको औँठीमा आँखा पुग्यो । एकोहोरिएर हेरिरहेको थिएँ अचानक फोनको घण्टी बज्यो । लाउड स्पीकर भएकाले उताबाट आको फोन बाहिरै सुनिन्थ्यो ।

हेल्लो ! सुन त बुढा, घरअघि नै पुग्यौ नि, अनि मैले तिमीलाई भनेको छु नि... त्यो तिम्रो आमाले दुबै हातमा लाएको सुनको बाला मैले फोटोमा देखेको र तिम्रो बाले लाको घडी र औंठी चाहिँ जसरी भए नि फुत्काएर लेराउ, अरु कुरा हुँदै गर्छ...ल अहिले फोन राखेँ...बाइ । बा-आमाले उताको सबैकुरा सुन्नुभो । अनुहार एकाएक कालो भएर आयो, बोली रोकियो । अलच्छिनीले घरमै सबैकुरा भनेरै पठाकी थी त फेरि किन फोन गर्न परेको मममनै मुर्मुरिएँ । ठूले तँ भोकाको होलास् भित्र गएर के खान मन लाग्छ खाएर आइज अनि कुरा गरौंला आमाको मायालु बोलीले झसङ्ग भएँ । भाइ-बुहारी अलि पर वृद्धाश्रम गएका छन् ।

वृद्धवृद्धालाई खानेकुरा लिएर । भान्साघरमा पसेँ खानेकुरा खान । छक्क लाग्यो खानेकुरा देख्दा । जे खान मन लागे नि भाइबुहारीले बा-आमालाई पुर्याइदिएका रछन् । खाना खाएर बाहिर निस्केँ । आज स्वास्नीको गालीबिना खाना खाको कस्तो-कस्तो लाग्यो । निकैबेर बसेपछि नि कुरा शुरु गर्ने ठाउँ नै पाइन । यत्तिकैमा बाले भन्नुभो । ठूले ! परिवार कसरी पालेको छस् ? कोरोनाको संक्रमण दिनानुदिन बढ्दैछ । जोगिएर बस्नु । तँ त स्वास्नीको बचन काट्न नसक्ने मान्छे अब कसरी हामीले लाको सुन फुत्काएर लान्छस् छोरा ?

तेरी भाइबुहारीले हामीलाई सरकारले दिएको वृद्ध भत्ता जम्मा गरेर जोडिदिएको सम्पत्ति हो यो हाम्रो । आजै फिर्नुछ भन्दैछस् । स्वास्नीको मक्सद पूरा गर्न घर आको कुरा अघि फोनबाट थाहा भैगो । अब राम्ररी जा...अघि हामीलाई भनेर तैंले ल्याको मिस्री पनि झोलामा हाल् । भरे बाटोमा कैंडा लागेको बेला खानु । पछि हामी बितेपछि हामीले लगाको सुन लिन आउनु । जा छोरा बाटो लामो छ । भाइ-बुहारी आइपुगेकै थिएनन्, बाको बचनले अनुहार रातो बनाउँदै बिदा नमागी कुलेलम ठोकेँ ।

# शनिश्चरे बजारको सुन्दरता एक बर्ष पनि टिकेन



**विनोद पाण्डे**

**चारपाने, भदौ २५।** अर्जुनधारा नगरपालिकाको केन्द्रविन्दु शनिश्चरे बजारमा निर्माण गरिएको सडक क्यारी लथालिङ्ग हुन थालेको छ।

परबाट झट्ट हेर्दा अत्यन्तै सुन्दर देखिने हरियाली र बिजुली बत्तीले शनिश्चरे बजार चोकको सुन्दरता बढाएको लाग्छ। तर, नजिकबाट निहाल्ने हो भने हालको अवस्थालाई लिएर कसरी, कसले यस्तो गतल कार्य गर्‍यो भनेर सचेत नागरिकमा प्रश्न पैदा हुने अवस्था छ।

नगरपालिकाले बजार क्षेत्रलाई नमूना बनाउने कार्यक्रम अन्तरगत शनिश्चरे बजार पश्चिम अर्जुनधारा जलेश्वरधाम मार्गमा पेवर्सको बाटो र बीचमा फूल रोप्ने क्यारी बनाएको बर्ष दिन हुन नपाउँदै बनेको संरचना तोडफोड हुन थालेको छ। बनाउनु ठूलो कुरा होइन संरक्षण गर्नु महत्वपूर्ण कुरा हो भन्ने भनाई नै छ। त्यस्तै निर्माण भयो तर रेखदेख राम्रो हुन नसक्दा शनिश्चरेमा रहेको नवनिर्मित क्यारी संरचना भताभुङ्ग हुन थालेको हो।

जडान गरिएका दर्जनौं गार्डेन लाईट भाँचिएका छन्। यत्रतत्र लडिरहेको छ, तारहरु लत्रिइरहेको छ, कतिपय बिजुलीका बलहरु फुटेका छन्, कति हराइसकेको छ, यस्तो अवस्थाले स्थानीय सरकार नागरिक समाजलाई नै गिज्याइरहेको छ। आखिर कसले भाँच्यो ती लाइटहरु। किन उचित संरक्षण भएन भनेर सरोकारवाला प्रति प्रश्न उठ्न थालेको छ। फूलहरु पनि व्यवस्थित तरिकाले लगाइएको छैन। सामान्य तरिकाले फूल रोपिएको भए पनि राम्रो गोडमेल भएको छैन झारले घेरिरहेको छ।

अर्जुनधारा त्यसमा शनिश्चरे बजार सभ्य, शिक्षित नागरिकको बसोबास भएको ठाउँ हो। शनिश्चरेले राष्ट्रिय राजनीति, सामाजिक, धार्मिक र पर्यटकीय हिसाबले देशमा आफ्नो सकारात्मक हिस्सा बनाउन सफल बनेको छ। अर्जुनधाराको मुख्य आयश्रोत मध्ये पर्यटन व्यवसाय पनि एक हो। तर, यस्तो पावन क्षेत्रमा बनेका भौतिक संरचना ध्वस्त हुनु वा पारिनु अत्यन्तै दुःखको कुरा भएको स्थानीयले गुनासो गरेका छन्।

त्यहाँ लाइटमात्र होइन बनाइएका वाल ठाउँ-ठाउँमा भत्किएको छ, टायल्समा धुलो र हिलोको थुप्रो लागेको छ। स्थानीय व्यापारीहरुले फोहोर राख्ने ठाउँ पनि बनाएका छन्। कसैले केराका दाम्चा राखेका छन् भने धेरैले पोचा मार्ने, फोहोर राख्ने भाँडो र अन्य सामान त्यही राख्ने गरेर अझ कुरुप बनाउने काम भएको छ।

विकास र नमूना बनाउने जनताको अपेक्षा र स्थानीय सरकारको चाहनाले यस्ता सामाजिक कार्यको लागि लाखौं/करोडौं खर्च भएको हुन्छ। जनताका अन्य आवश्यकतालाई कटौती गरेर परापर्यटनलाई आकर्षण गर्न, सुन्दर बनाउन गरिएका यस्ता कयौं संरचनाहरु प्रायः सबैतिर भताभुङ्ग भएको देख्न सकिन्छ।

यस्ता सामाजिक संरचनालाई सरकारले संरक्षण गर्न सक्ने अवस्था हुँदैन त्यसका लागि स्थानीय नागरिकको मुख्य दायित्व र भूमिका रहन जान्छ। शनिश्चरेको यो संरचनालाई पुनः व्यवस्थित र सुन्दर बनाउन स्थानिय सरकार र नागरिकले ढिला गर्नुहुँदैन।

# २० वर्षअघि टुटेको सम्बन्ध पुलले जोड्दै

**झिलझिले, भदौ २५।** २० वर्षदेखि टुटेको दुई गाउँको सम्बन्ध भालु खोलामा पुल निर्माण हुने भएपछि जोडिने भएको छ। चिल्लागढ र आँपटारीको दुईदशक देखिको टुटेको सिधा सम्पर्क शिवसताक्षी नगरपालिका वडा नम्बर ९ र १० जोड्ने भालु खोलामा पुल निर्माण हुने भएपछि दुई गाउँको सम्बन्ध जोड्िने भएको हो।

माईधारबाट आँपटारी हुँदै चिल्लागढ ब्याँङडाँडा शिवगञ्जको सम्बन्ध सो खोलामा पुल नहुँदा टुटेको थियो। स्थानीय विष्णु खतिवडाका अनुसार २०५६ सालदेखि भालु खोला गहिरिएर दुई गाउँको सिधा सम्पर्क विच्छेद भएको थियो। कनकाई नदीको धरधरे लागेपछि भालुखोला गहिरो भएको उनले बताए।

'२०५६ सालमा भालुखोला र किसानको खेतीयोग्य जमिनको सतह बराबरी नै थियो। मोटरसाइकल, साइकल र साना सवारीसाधन शिवगञ्ज ब्याँङडाँडा हुँदै सोझै माईधार निस्कन सक्थे। त्यतिबेलैदेखि पुल नहुँदा गहिरिएको खोलामा सर्वसाधरणको आवत जावत नै ठप्प बन्यो' -खतिवडाले भने।

खोलामा पुल नभएकैले दुबै गाउँको विकासको सम्भावना हराएर गएको स्थानीय गाउँलेको भनाई छ। खोलामा पुल निर्माण हुने भएपछि किसानको जग्गा र घरभिटाको मूल्य पनि बढ्ने स्थानीयले बताएका छन्। उनीहरुले भने- 'एक कठ्ठा जग्गालाई एक लाख पनि नदिने जग्गाका व्यापारी पुल निर्माण भएपछि १० लाख लिएर आउनुपर्छ।'



भालु खोलामा पुल निर्माण हुने भएपछि दुई गाउँको सिधा सम्पर्क मात्र होइन, साविकका बैगुनधुरा, महाभारा, शिवगञ्ज, पाँचगाछी लगायत गाविसका स्थानीयलाई पूर्व-पश्चिम राजमार्गको माईधार जोडिन सहज भएको छ। स्थानीयका अनुसार ब्याँङडाँडाबाट दूधे हुँदै माईधार पुग्ने समयभन्दा ब्याँङडाँडादेखि चिल्लागढ आँपटारी हुँदै माईधार पुग्न समय छोटो हुन्छ।

चिल्लागढका सयौं स्थानीय पनि वडा नम्बर ९ को आईतबारे हुँदै माईधार पुग्ने गरेका छन्। स्थानीय बालनिकुञ्ज माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिका पनि भालुखोलामा पुल नभएका कारण लकडाउन अघि आईतबारे हुँदै विद्यालय पुग्ने गरेका थिए। वडा नम्बर ९ का अध्यक्ष छविलाल पाठकका अनुसार भालु खोलामा पुल निर्माण भएपछि गाउँमा उत्पादन भएका कृषि उपजका वस्तु सहजै बजारसम्म पुर्‍याउन सकिन्छ। जसका कारण सर्वसाधरणको आय स्तर पनि माथि उक्सिने वडाध्यक्ष पाठकले बताए।

झापा निर्वाचन क्षेत्र नं. ४ का प्रतिनिधि सभाका सदस्य एलपी साँवा लिम्बू र झापा निर्वाचन क्षेत्र नं. ४ प्रदेश सभा (ख) का सदस्य हिरा थापाले एक कार्यक्रमकाबीच भालुखोलामा निर्माण हुन लागेको पक्की पुलको संयुक्तरुपमा शिलान्यास गरे।

२०७७ बैशाख २१ मा मैनाचुली एमविए जेभी दमकले सम्झौता गरेको उक्त पुल २०७९ असार २० मा निर्माण सम्पन्न हुने छ। तीन करोड ४१ लाख ३३ हजार दुई सय १९ रुपैयाँ ५७ पैसा (करसहित)मा निर्माण हुन लागेको उक्त पुल एक स्पानको २० मिटर लामो हुने वडा नं. १० का अध्यक्ष कर्णबहादुर थापाले बताए।

# लकडाउनमा पनि राजनीतिक दलको गतिविधि बढ्यो

**दिलकुमार लिम्बू**

**ताप्लेजुङ, भदौ २५।** लकडाउन खुले पनि औपचारिक कार्यक्रम, आम भेला प्रशिक्षण गर्ने निर्णय भएको छैन, तर राजनीतिक दलहरुले गाउँ-गाउँमा भेला प्रशिक्षण तथा राजनीतिकजन्य क्रियाकलापलाई तीव्रता दिएका छन्।

रोजगार तथा अध्ययन र अवसरको खोजीको सिलसिलामा गाउँ छोडेर शहरतिर बसेका पनि कोरोनाको कारणले गाउँमा प्रवेश गरेका छन्। यस्तै मौकामा राजनीतिक दलहरुले गाउँ-गाउँमा कमिटी गठन, प्रशिक्षण, पार्टी प्रवेश कार्यक्रमलाई तिव्रता दिएका छन्। भदौ महिनामा जिल्लाका राजनीतिक दलहरुको गतिविधि गाउँमा बढ्न थालेको छ।

नेपाली कांग्रेसले मेरिङदेन गाउँपालिका वडा नं. ४ लिङदेपमा विशाल शेर्पाको सभापतित्वमा गाउँ समिति गठन गरेको छ। त्यस्तै आठराई त्रिवेणी गाउँपालिकामा पालिकास्तरीय समितिको बैठक तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न गरेको छ।



त्यसैगरी मैवाखोला गाउँपालिका वडा नं. ५ फागुम्बाको आयोजनामा कार्यकर्ता प्रशिक्षण तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ भने आठराई त्रिवेणी गाउँपालिका वडा नं. २ फुलबारीमा गाउँ समिति गठन गरेको छ।

त्यस्तै जनता समाजवादी पार्टीले फुङलिङ नगरपालिका वडा नं. १० फुरुम्बुमा ३१ सदस्यीय वडा कमिटी गठन गरेको छ। फङलुङ गाउँपालिका वडा नं. २ खेजेनीममा ३६ सदस्यीय वडा कमिटी गठन गरेको छ। त्यस्तै नेपाल कम्युनिष्ट पार्टी नेकपाले फक्ताङलुङ गाउँपालिका वडा नं. ५ तापेथोकमा प्रशिक्षण तथा कार्यकर्ता भेटघाट कार्यक्रम सम्पन्न गरेको छ। त्यसैगरी फक्ताङलुङ गाउँपालिका वडा नं. ६ लेलेपमा कार्यकर्ता भेटघाट तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ। त्यस्तै आठराई त्रिवेणी गाउँपालिकास्थित फुलबारीमा पार्टी प्रवेश कार्यक्रम सम्पन्न गरेको छ भने वडास्तरीय कार्यकर्ता बैंठक सम्पन्न गरेको छ।

लिम्बूवान पार्टीले मेरिङदेन गाउँपालिका वडा नं. २ थिङलाबुमा केशरमान थोप्राको अध्यक्षतामा २२ सदस्यीय टोल समिति गठन गरेको छ। त्यस्तै मैवाखोला गाउँपालिका वडा नं. २ मा पूर्णसिंह लिम्बूको अध्यक्षतामा ३५ सदस्यीय वडा कार्यसमिति गठन गरेको छ। त्यस्तै मेरिङदेन गाउँपालिका वडा नं. २ सान्थाक्रा पूर्णद्धोजको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन गरेको छ।

जिल्ला प्रशासन कार्यालय प्रमुख झरेन्द्रप्रसाद चापागाईले राजनीतिक दलहरुलाई भेला, प्रशिक्षण तथा राजनीतिक क्रियाकलाप नर्गन अनुरोध गरेको बताए।

# देवरको कुटाइबाट भाउजुको मृत्यु

**भोजपुर, भदौ २५।** जिल्ला प्रहरीले कार्यालय भोजपुरले कुटपिट गरी भाउजुको हत्या गरेको अभियोगमा देवरलाई पक्राउ गरेको छ।

टेम्केमैयुङ गाउँपालिका- ५ खावाका ३५ वर्षीय राजकुमार राईले ४८ वर्षीया भाउजु केशरमाया राईलाई कुटपिट गरी हत्या गरेको अभियोगमा प्रहरीले नियन्त्रणमा लिएको हो। गत २२ गते राति घरायसी विवादमा राजकुमारले केशरमायालाई कुटपिट गरेको प्रहरीले जनाएको छ।

कुटपिटपछि डिलबाट हुत्याएर आफू घर आएको र बिहान हेर्दा घर छेउको सुँगुरको खोरमा केशरमाया मृत अवस्थामा भेटिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रमुख कृष्ण कुमार चन्दले जानकारी दिए। राजकुमारलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको जनाएको छ।

# शिक्षा सहकारीद्वारा पीसीआर ल्यावलाई ५१ हजार



**बिर्तामोड, भदौ २५।** एकका लागि एक अभियानको अगुवाईमा झापामा जनस्तरमा रकम संकलन गरी कनकाई-४ कोटीहोमस्थित समर्पण भवनमा स्थापना गरिएको पीसीआर परीक्षण प्रयोगशालाका लागि बिर्तामोडस्थित शिक्षा बहुउद्देश्यीय सहकारी संस्थाले ५१ हजार रुपैयाँ प्रदान गरेको छ।

शिक्षा सहकारीले आफ्नो प्रतिबद्धता अनुरुप ५१ हजार रुपैयाँको चेक अभियानका सहसंयोजक विनोद बस्नेत र झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकाललाई संयुक्तरुपमा हस्तान्तरण गरेको छ। संस्थाका अध्यक्ष सुब्रत न्यौपाने र सचिव दीपेश घौरालीले चेक हस्तान्तरण गरेका थिए। प्रयोगशालाका लागि झापाका सहकारीहरुको तर्फबाट २५ लाख रुपैयाँ प्रदान गर्ने प्रतिबद्धता जनाएकोमा अब थोरै रकम मात्र जम्मा हुन बाँकी रहेको संघका अध्यक्ष ढकालले बताए।

त्यस्तै अभियानका सहसंयोजक बस्नेतले पीसीआर ल्यावका लागि रकम प्रदान गरेकोमा शिक्षा सहकारीलाई धन्यवाद दिएका थिए। उनले पीसीआर ल्यावमा कोरोना संक्रमितको नमूना परीक्षण समेत शुरु गरिएको जानकारी दिए।


**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।

मो.९८१५९५२४९९/९८४१३२१४६४

**छापाखाना**

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ

फोटोकपि, स्टाम्प (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट

घिमिरे अफसेट प्रेस बिर्तामोडमा

फोन नं. ०२३-५४२१५९,

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**पायल्स तथा हाडजोर्नी**

दक्ष तथा अनुभवी डाक्टरद्वारा दैनिक चेक। पायल्स, कब्जीयत, नशा च्यापिएको, थाइराइड, गुप्त रोगहरु, प्यारालाइसीस, बाथ, फिसर, फिगटुला, पिनास, सुगर, प्रेसर लगायत सम्पूर्ण रोग।

**बिर्ता आयुर्वेद एण्ड फिजीयोथेरापी**

अदुवा खोला छेउ, बिर्तामोड
फोनः ०२३-५९०१६६, ९८०६०००३१३, ९८४२७१६५८८

**कर्मचारी आवश्यकता**

**सेल्स/मार्केटिङ :** १५ महिला/पुरुष
**काम गर्ने स्थानः** काँकरभिट्टा, चारआली धाइजन, सुरुङ्गा, चारपाने, चन्द्रगढी, भद्रपुर, बिर्तामोड।
**तलबः** १२,६००+कमिशन+बोनस
**कुकः** ५ जना **वेटरः** १ जना (अनुभवी)

**Nepal Jobs Care Service Pvt. Ltd.**
मो. ९८२६९२०००१, ०२३-५४६६८३


**भूमिसुधार कार्यालय भद्रपुर, झापाको**

## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/ बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दाबी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| विष्णुमाया आचार्य | चारपाने-१ | ३११९ | ०-१-० | चैतु धिमाल |


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** राम्रो समाचारले उत्साह जगाउनेछ। अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। चिताएको योजना कार्यान्वयनमा आउनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** बोलीको माध्यमले धेरैलाई प्रभावित पार्न सकिनेछ। आर्थिक क्रियाकलापमा समेत मनग्गे फाइदा हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। नयाँ कामको प्रस्ताव आउनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** सहयोगीहरू प्रशस्तै भेटिनेछन्। सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** परिवारजनबाट टाढा भइनेछ। तापनि, समस्या पर्दा सहयोग गर्नेहरू भेटिनेछन्। खर्च लागे पनि पछि फाइदा हुने काम फेला पर्न सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** चुनौति पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ। टाढाका साथीभाइको निम्तो प्राप्त हुनेछ। शुभचिन्तकहरूले उत्साह जगाउनेछन्।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** भौतिक साधन जुट्नाले प्रसन्नता मिल्नेछ। आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि बढी नै फाइदा हुने समय छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** कामको राम्रै मूल्यांकन हुनेछ। साझेदारीमा पनि राम्रो फाइदा हुनेछ। आम्दानी बढ्नाले परिवारजनका आवश्यकता पूरा हुनेछन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ। चिताएको काम बन्नेछ भने अवसरले राम्रै लाभ दिलाउनेछ।